आज मिति २०८२ साल जेष्ठ २८ गते बुधवारका दिन दिउसो २.०० बजे यस नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको ३७ औ बैठक बस्यो।

तपसिल

| क.स | पद | नाम ,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | उपस्थित |
| २ | उप प्रमुख | श्री बिजय कृष्ण श्रेष्ठ | उपस्थित |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | श्री बाबुकाजी डंगोल | अनुपस्थित |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रीकृष्ण श्रेष्ठ | उपस्थित |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्णहरी आर्चाय | उपस्थित |
| ६ | वडा अध्यक्ष,वडा नं.४ | श्री बालकृष्ण (पात्या) श्रेष्ठ | उपस्थित |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बालकृष्ण श्रेष्ठ | उपस्थित |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञानदाश प्रजापति | उपस्थित |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | श्री कृष्ण कुमार प्रजापति | उपस्थित |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | उपस्थित |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानु काजी राजबहाक | उपस्थित |
| १२ | कार्यपालिका सदस्य | श्री सरस्वती खड्का | उपस्थित |
| १३ | कार्यपालिका सदस्य | श्री सिता विश्वकर्मा | उपस्थित |
| १४ | कार्यपालिका सदस्य | श्री शर्मिला विश्वकर्मा | उपस्थित |
| १५ | कार्यपालिका सदस्य | श्री उजला थापा श्रेष्ठ | उपस्थित |
| १६ | कार्यपालिका सदस्य | श्री तुईल माया चक्रधर | उपस्थित |
| १७ | कार्यपालिका सदस्य | श्री सरोज परियार | उपस्थित |
| १८ | कार्यपालिका सदस्य | श्री जसे सार्की | उपस्थित |
| १९ | कार्यपालिका सदस्य | श्री बालकृष्ण परियार | उपस्थित |
| २० | सदस्य-सचिव | श्री राम बहादुर के.सी | उपस्थित |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | महाशाखा प्रमुख | श्री केशब सिलवाल | उपस्थित |
| २ | महाशाखा प्रमुख | श्री ज्ञानेन्द्र प्रसाद भट्ट | उपस्थित |
| ३ | महाशाखा प्रमुख | श्री तुलशी भक्त तको | उपस्थित |
| ४ | अ.छैठौ | श्री कृष्ण सुन्दर थापा मगर | उपस्थित |
| ५ | प्रशासन शाखा | श्री सुब्रिन कुमार चिमौरिया | उपस्थित |



२०८२/२/२८
बहादुर के.सी.
प्रशासकीय अधिकृत

छलफलका विषयहरुः
१. नगरसभा सम्वन्धमा ।
२. विविध ।

निर्णय नं १ :

यस नगरपालिकाको आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम र वजेट तथा योजनाको मस्यौदा सम्बन्धमा छलफल गरियो ।

निर्णय नं २ :

शिक्षा तर्फको आइटम लेखन तथा प्रश्न बैंक निर्माण शिर्षकमा दिवा खाजा कार्यक्रम साझेदारी बाट रु. ४,००,०००। (चार लाख मात्र ) आगामी नगर सभाबाट अनुमोदन हुने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं ३ :

यस नगरपालिकाको मुख्य भवनको पहिलो तल्ला तथा पछाडी भवनको पहिलो ,दोश्रो ,तेश्रो तल्लाको कोठाहरुमा रङ्ग रोगन कार्य गर्नको लागि लागत रु. ६,९९,३३८।१० (छ लाख उनान्सय हजार तीनसय अठ्तीस रुपैया दश पैसा मात्र ) चालु आ.बमा लायकु दरबारमा विनियोजित बजेट बाट सो रकम रकमान्तर गरि कार्य गर्ने मिति २०८१।१०।२५ को नगरप्रमुख स्तरीय निर्णयलाई आगामी नगर सभाबाट अनुमोदन हुने गरी समर्थन गर्ने निर्णय गरियो ।

निर्णय नं ४ :

यस नगरपालिका वडा नं ४ स्थित बनदेबी मन्दिरको पश्चिम पट्टीको पहिरो नियन्त्रणका लागि चालु आ.वको भुमी व्यवस्थापन शिर्षकमा रु.२०,००,०००।( बिस लाख मात्र) वजेट विनियोजन भएको बाट योजना संचालन हुने गरि लागत रु. ४,८६,६६,४८०.४९।( चार करोड छयासी लाख छैसट्ठी हजार चार सय असी रुपैया उनान्पचास पैसा मात्र भ्याट ,पि.एस र कन्टेन्जेन्सी सहित ) को लाग्ने प्राविधिक बाट समेत राय सहित पेश हुन् आएको देखिएकोले सो अनुसार लागत अनुमान तथा कार्यक्रम स्वीकृत गरि विधुतिय वोलपत्रबाट योजना संचालन गर्ने गरि सो कार्यका लागि नपुग थप वजेटको श्रोत सुनिच्चितताका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ५ :

यस नगरपालिका वडा नं ६ स्थित विश्व विनायक खट निर्माणका लागि सोहि वडाको वडास्तरीय वजेट कार्यक्रम खर्चबाट रु. १,५०,०००।( एक लाख पचास हजार मात्र ) बजेट आगामी नगर सभाको बैठकबाट अनुमोदन गर्ने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं ६ :

यस नगरपालिका वडा न ९ स्थित निलबाराही मन्दिरको पूर्व पट्टिको पहिरो नियन्त्रणक लागि चालु आ.बको बागमती प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) अन्तर्गत निलबाराही चक्रपथ निर्माण तथा

पहिरो नियन्त्रण शीर्षकमा रु.३,००,००,०००।( तिन करोड मात्र ) भएको मा सो कार्यका लागि लागत अनुमान रु.३,३७,६९,६७३.१३।( तिन करोड सैतिस लाख उनान्सतरी हजार छ सय तिरहतर रुपैया तेह्र पैसा मात्र ) लाग्ने प्राविधिक बाट राय साथ पेश हुन् आएकोले नपुग थप रु. ३७,६९,६७३.१३।( सैतिस लाख उनान्सतरी हजार छ सय तिरहतर रुपैया तेह्र पैसा मात्र ) वजेट चालु आ.बको भैपरी पुंजीगत शीर्षक बाट उक्त रकम आगामी नगर सभाको बैठकबाट अनुमोदन गर्ने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं ७ : .

चालु आ. व. मा देहाय बमोजिमका सामग्रीहरुको नगर दररेट नभएकोले प्राबिधिकबाट सिफारिस साथ पेश हुन आएका निम्न अनुसार दररेट स्वीकृत गर्ने निर्णय गरयो ।

तपसिल

| S.No | Name of materials / goods | specifications | Rate |
|---|---|---|---|
| 1 | Antique street Lamp ( out pole light) | Light type : pole light Fixture material : Heavy duty Aluminum diffuser material : clear glass fixture color :matt black country of origin : china Engine : Light fitting: 3xE27 Lamp: not include CRI : 69 watts:40w Main power supply : 220240v Energy Efficiency : F IP Rating : IP44 weatherproof protection class : Class I Ambient Temperature :20 digri + 50 digri CLED Compatible : suitable for use with lamps Non- Dimmable Height : 8 feet. | 32,000. |

निर्णय नं ८ :

यस नगपलिकको सहकारी ऐन २०७९ को दफा ८१ (१) बमोजिम व्यवस्थापन समितिको ब्यबस्था गरेको छ ।सो समितिमा देहायका पदाधिकारीहरु मनोनयन गरी व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

(१) माछापुक्षे गा.पा-२ कास्की बस्ने श्री बिनोद मोहन आर्चाय,( उच्च अदालतको पूर्व न्यायाधिस ) –अध्यक्ष
(२) का.म.न.पा-१० बुद्धनगर बस्ने श्री कृष्ण पौडेल (पूर्व राजपत्रांकित द्धितिय श्रोणी- लेखा ) –सदस्य
(३) म.थि.न.पा -९ बस्ने श्री सुकदेव सापकोटा ( सहकारी बिज्ञ ) –सदस्य
(४) का.म.न.पा-१० श्री राजन प्रसाद पोखरेल ( बैंक तथा वित्तिय ) –सदस्य
(५) भक्तपुर जिल्ला सहकारी संघले तोकेको संचालक प्रतिनिधि एक जना –सदस्य
(६) भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघले तोकेको संचालक प्रतिनिधि एक जना –सदस्य
(७) श्री अभयन्द्र रंन्जित उद्योग सहकारी तथा रोजगारी प्रवद्र्धन शाखा ( शाखा प्रमुख) –सदस्य सचिव



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका

२०८१।२।१५ राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ९ :

यस नगरपालिका वडा नं ४ स्थित जनआदर्श क्याम्पस भवनको पूर्व पट्टि रहेको खेल मैदानमा नयां भवन निर्माण गर्न २०८१।०३।२० मा बालकोट निर्माण सेवा संग सम्झौता भई भवन निर्माणका लागि जग ढलान चौडाई ( **RAFT FOUDATION thickness** ) पुरानो **design** अनुसार ५५० मि .मि रहेकोमा निर्माणको क्रममा ७३० मि.मि चौडाई अनुसार थप रकम रु १५,०६,१११.९१(पन्ध्र लाख छ हजार एक सय एघार रुपैया एकानव्य पैसा ) गरि परिमार्जित रकम रु. ७,००,०१,३२१.१० ( सात करोड एक हजार तिन सय बाईस रुपैया दश पैसा मात्र ) **veriation order** सहित स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं : १०

यस नगरपालिका वडा नं ४ स्थित कैकु ताःमा बाल उद्यान निर्माण गर्नका लागि नक्शा ,डिजाईन तथा लागत अनुमान तयार गर्नका लागि परामर्श सेवा खरिद गर्न रु. ४,९२,९००.८१ ( चार लाख बयानव्य हजार नौ सय रुपैया एकासी पैसा मात्र ) भ्याट र कन्टिन्जेन्सी सहित चालु आ.बको कन्टिन्जेन्सी खर्च शिर्षकबाट खर्च लेख्ने गरि सार्बजनिक खरिद नियमावली २०६४ को नियम ८५ (४) बमोजिम सेवा खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं : ११

मध्यपुर थिमि नगरपालिकाको आन्तरिक आय संकलन(ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०८२ लाई देहाय बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

मध्यपुर थिमि नगरपालिकाको आन्तरिक आय संकलन(ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०८२

प्रस्तवाना:

नेपालको संविधान २०७२ को अनुसूची–८ बमोजिमको एकल अधिकार सूची तथा अनुसूची ९ बमोजिमको साझा अधिकार सूची र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ घ ले दिएको अधिकार प्रयोग गरी यस नगरपालिकाको आन्तरिक आय संकलन कार्य व्यवस्थित रुपमा संचालन गर्नका लागि सोही ऐनको दफा १०२ मा भएको व्यवस्था बमोजिम यो आन्तरिक आय संकलन(ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि तर्जुमा नगर कार्यपालिका वैठकबाट स्वीकृत गरी लागू गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:

(क) यो कार्यविधिको नाम "आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०८२" रहेकोछ।

(ख) यो कार्यविधि मध्यपुर थिमि नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२. परिभाषा:

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका

राम बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

(क) "आन्तरिक आय" भन्नाले प्रचलित ऐन, नियमावली र कार्यविधि बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसायमा पूँजीगत लगानी, आर्थिक कारोवार, क्षेत्रगत एवं व्यापारिक महत्व र स्रोत साधन आदिका आधारमा मध्यपुर थिमि नगरपालिकाको सभाबाट स्वीकृत दर बमोजिम ठेक्का, अमानत वा अन्य कुनै तरिकाले असुल गर्ने कर, दस्तूर ,सेवा शुल्क, विक्री ,आदि आयलाई सम्झनुपर्छ ।

(ख) "ठेकेदार भन्नाले "नगरपालिकाको निश्चित आ.व.को आय संकलन गर्ने सम्झौता गरेको फर्म वा व्यक्तिलाई सम्झनुपर्छ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मध्यपुर थिमि नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा नियुक्त कर्मचारीलाई सम्झनुपर्छ।

(घ) "कर अधिकृत" भन्नाले यो कार्यविधि बमोजिम कर अधिकृतको काम गर्ने प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको नगरपालिकामा कार्यरत कर्मचारीलाई सम्झनुपर्छ।

(ङ) "वडा" भन्नाले मध्यपुर थिमि नगरपालिकाको वडा सम्झनुपर्दछ।

(च) "कार्यालय" भन्नाले मध्यपुर थिमि नगरकार्यपालिकाको कार्यालय सम्झनुपर्छ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउँदछ ।

(छ) "शाखा" भन्नाले मध्यपुर थिमि नगरपालिकाको राजश्व प्रशासन शाखा सम्झनुपर्छ ।

(ज) "व्यवसायी" भन्नाले व्यापार तथा व्यवसाय संचालन गर्ने गरी मध्यपुर थिमि नगरपालिकामा व्यवसायदर्ता गरेका व्यक्ति, फर्म, संघ संस्थालाई सम्झनु पर्दछ ।

(झ) "स्थानीयतह" भन्नाले मध्यपुर थिमि नगरपालिकालाई सम्झनुपर्नेछ।

(ञ) "बोलपत्र" भन्नाले प्रकाशित सूचना बमोजिमको बोलपत्र एवं दरभाउपत्रलाई समेत सम्झनुपर्नेछ ।

(ट) "नगरसभा" भन्नाले मध्यपुर थिमि नगरपालिकाको नगरसभालाई सम्झनुपर्दछ।

३.स्थानीय तहले आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेः

(१) स्थानीय सरकार संचालन ऐन, २०७४ को अधीनमा रही नगरपालिकाको नगर सभाले निर्णय गरे अनुसारको करको दर, सेवाशुल्क, दस्तूर तथा अन्य आन्तरिक आय असूल गर्न नगरपालिकाले एक आर्थिक वर्षको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेछ ।

तर नगरपालिकाको आन्तरि आय बृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा ३ वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिने छ ।

स्पष्टीकरणः यस कार्यविधि प्रयोजनको लागि "आन्तरिकआय" भन्नाले नेपाल सरकार बाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम तथा अन्य बिशेष प्रकृतिको अनुदान बाहेक स्थानीय तहले आफ्नो क्षेत्रभित्र संकलन गर्न पाउने आय सम्झनु पर्छ ।

(२) दुई वा दुई भन्दा बढी स्थानीय तहको समूहले आपसी सहमतिद्वारा संयुक्त रुपमा उपनियम(१) बमोजिम ठेक्का बन्दोबस्त गर्न सक्नेछन् ।

(३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनु अगाडि नै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ । यसरी ठेक्का वन्दोवस्त गर्दा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि फर्म तथा व्यक्तिको सूचीकृत गराई रहन आवश्यक पर्ने छैन ।

(४) उपनियम (१) बमोजिम ठेक्का बन्दोवस्त गर्दा देहायको कार्यविधि अपनाउनु पर्नेछः—

(क) आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, श्रोत परिचालनको व्यवस्थापन, लागत र चालु वर्षको ठेक्का अङ्क समेतलाई विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक अङ्क र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्य योजना तयार गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम असूली कार्यतालिका र कार्यान्वयन कार्ययोजना तयार भईसकेपछि ठेक्का बन्दोबस्त गर्नको लागि नगर सभाले निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गर्नु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा कुनै आन्तरिक आय पाँच लाख रुपैयाँ भन्दा कम उठ्ने भएमा सोझै वार्ताद्वारा पनि सम्झौता गर्न सकिने छ र पाँच लाख रुपैयाँ भन्दा बढी उठ्ने भएमा बोलपत्र/दरभाउपत्र आह्वान गरी सम्झौता गर्नु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम बोलपत्र आह्वान गर्दा दशलाख रुपैयाँसम्म भए स्थानीय स्तरमा नियमित प्रकाशन हुने पत्रिकामा कम्तिमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ । दशलाख रुपैयाँ भन्दा बढी भएमा कम्तीमा तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछः—

(१) न्यूनतम ठेक अंक

(२) ठेक्काका मुख्य मुख्य शर्तहरु,

(३) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण,

(४) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाँउदा छुट दिईने भए सो कुरा,

(५) बोलपत्र फारम प्राप्त हुने स्थान र आवश्यकता अनुसार इन्टरनेटबाट डाउनलोड गरी फाराम प्राप्त गर्न सकिने व्यवस्था भए सो कुरा समेत खुलाउनु पर्नेछ। यसरी इन्टरनेटबाट डाउनलोड गरिएको बोलपत्र दाखिला गर्दा उक्त सूचना बमोजिम लाग्ने रकम बुझाउनु पर्नेछ ।

(६) बोलपत्र दाखिला गर्ने तरिका,



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका
२०८२।२।२६
बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

(७) बोलपत्र बापत लाग्ने दस्तुर,

(८) बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति, समय र स्थान तथा बोलपत्र खोलिने समय, मिति र स्थान,

(१०) जमानत बापत राख्नु पर्ने रकम वा बैंक ग्यारेन्टीको किसिम र मान्य अवधि,

(११) अन्य आवश्यक कुराहरु

(च) बोलपत्र दस्तुरः

(१) दश लाख रुपैयाँसम्मको लागि रु. १०००।—

(२) दश लाख रुपैयाँ देखी दुई करोड रुपैयाँसम्मको लागि रु. ३,०००।—

(३) दुई करोड रुपैयाँ भन्दा माथि दश करोड रुपैयाँ सम्मको लागि रु. ५,०००।—

(४) दश करोड रुपैयाँ भन्दा माथि पचास करोड रुपैयाँसम्म रु. १०,०००।—

(५) पचास करोड रुपैयाँ भन्दा माथि रु. २०,०००।—

(छ) खण्ड (ङ) बमोजिम प्रकाशित सूचनाको म्यादभित्र पर्न आएका बोलपत्रहरुको दर्ता, खोल्ने कार्यविधि बोलपत्रदाताको एजेन्टले पेश गर्नुपर्ने विवरण लगायतका विवरणहरु यसै कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

(ज) खण्ड (घ) बमोजिम प्रथम पटक बोलपत्र आव्हान गर्दा बोलपत्र पर्न नआएमा वा रीत पूर्वकको एउटा पनि बोलपत्र प्राप्त नभएमा वा कबोल अङ्क अनुमानित ठेक्का अङ्क भन्दा कम भएमा पहिलाको म्याद भन्दा कम्तीमा आधा म्याद दिई पुनः सूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्नु पर्नेछ ।

(झ) खण्ड (ज) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेमा कम्तीमा सात दिनको म्याद दिई खण्ड (ङ) बमोजिमको सूचनामा देहायको कुराहरु थप गरी सार्वजनिक बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछः—

(१) बढाबढ हुने स्थानीय तहको कार्यालय वा अन्य कुनै स्थान,

(२) बढाबढ हुने समय र मिति,

(३) अन्यआवश्यक कुराहरु ।

(५) उपनियम (४) को खण्ड (ङ) र खण्ड (झ) अनुसार प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा बढाबढ डाँक बोल्ने व्यक्तिले नेपाली नागरिक भए आफूले कबूल गरेको अङ्कको पाँच प्रतिशत र गैर नेपाली नागरिक भए, आफुले कबूल गरेको अङ्कको दश प्रतिशत रकम त्यस्तो सूचना प्रकाशन गर्ने स्थानीयतहको नाममा उक्त सूचनामा तोकिएको बैंकमा जमानत वापत रकम जम्मा गरेको सक्कल भौचर संलगन राखी वा

नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको बैंक जमानत (विडवण्ड) को सक्कलप्रति संलग्न राखु पर्नेछ ।

तर वढावढगर्दा पनि नगरपालिकाले तोके बमोजिमको न्यूनतम अङ्क पनि कवोल अङ्क हुन नआएमा स्थानीय स्तरको सम्बन्धित राजश्व परामर्श समितिको सिफारिसमा आवश्यक प्रकृया अपनाई आन्तरिक आय संकलनको व्यवस्था गर्न सकिनेछ ।

(६) यस नियमावली बमोजिम जफत हुने अवस्थामा बाहेक उपनियम (५) बमोजिम राखिएको जमानत वापतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको बोलपत्र वा बोलेको डाँक अस्वीकृत भएको मितिले तीस दिनभित्र निजलाई फिर्ता गर्नु पर्नेछ ।

तर कुनै ठेक्काको सम्झौता नभए सम्म सो ठेक्का कबुल गर्ने मध्ये सो ठेक्का क्रमअनुसार दिन सिफारिस गरिएका जमानतवालाहरुको जमानत स्थानीयतहले फिर्ता नगरी स्थगित राख्नबाधा पर्ने छैन ।

(७) उपनियम (४) अन्तर्गत प्रकाशित सूचनामा बढाबढको लागि तोकिदिएको समय वा मिति भन्दा पछि वा त्यस्तो सूचनामा बढाबढको लागि तोकिदिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा हुलाक, फोन वा आकाशवाणीद्वारा बोलेको कुनै पनि डाँक उपर कुनै कारबाही गरिने छैन ।

(८) नियमानुसार कार्यालयमा पेश हुन आएका बोलपत्र/दरभाउपत्र मुल्यांकन कार्यका लागि देहाय अनुसारको मुल्यांकन समिति रहने छ ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको वरिष्ठ अधिकृत | संयोजक |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| प्रशासन शाखा प्रमुख | सदस्य |
| राजस्व शाखा प्रमुख | सदस्य-सचिव |

४. ठेक्का स्वीकृत गर्नेः (१) नियम ४ (१) (घ) बमोजिम प्रकाशित सूचना बमोजिम दाखिला भएको कुनै वा सबै बोलपत्र वा बोलेको कुनै वा सबै डाँक स्वीकृत गर्दा कार्यालयलाई कुनै हानोक्सानी हुने देखिएमा नगरकार्यपालिकाले सो कारण देखाई वा नदेखाई कुनै एक वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(२) रितपूर्वकको बोलपत्र प्राप्त भएपछि सूचना बमोजिमका सवै प्रकृया पुगेको सबैभन्दा बढी कबोल गर्नेको बोलपत्र मुल्यांकन समितिको सिफारिस बमोजिम प्रमुख प्रशासकीय अधिकृतल स्वीकृत गर्नु पर्नेछ ।

(३) नियम ३ को खण्ड (झ) बमोजिम सार्वजनिक बढावढ गर्दा न्यूनतम अङ्कबाट बढाबढ शुरु गरी सबै भन्दा बढी डाँक कबोल गर्ने वालाको डाँक तत्कालै नियम ३ को उपनियम (५) बमोजिमको धरौटी वा बैंक ग्यारेन्टी लिई स्वीकृत गर्नु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिमको बोलपत्र वा सार्वजनिक बढाबढको डाँक स्वीकृत गर्ने अन्तिम अधिकार प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

५. सम्झौता गर्ने र कायदिश दिने:(१) यस कार्यविधि बमोजिम आन्तरिक आय उठाउने बोलपत्र वा डाँक स्वीकृत भैसकेपछि ठेक्का बन्दोबस्त गर्ने नगरपालिकाको अधिकारीले सात दिनभित्र सो कुराको सूचना बोलपत्र वाडाँकवालालाई दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना जारी गर्दा बाटाका म्याद बाहेक सातदिनको म्याददिई सो म्यादभित्र आफ्नो कबूलबमोजिम सम्झौता गर्न नआएमा त्यस पछिको बोलपत्र वा डाँकवालालाई ठेक्का दिइने कुरा स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ । यस्तो सूचना जारी गर्दा सूचना पाउनुपर्ने व्यक्ति नभेटिएमा वा सूचना बुझी नलिएमा स्थानीय वडा सदस्य एक जना समेत स्थानीय व्यक्तिहरु चार जनालाई साक्षी राखी सूचना पाउनु पर्ने व्यक्तिको घर दैलोमा टाँस गरेमा पनि सो सूचना प्राप्त भएको मानिने छ ।

तर यस्तो सूचना कुनै स्थानीय पत्रपत्रिकामा प्रकाशन गरेमा पनि सम्बन्धित व्यक्तिले सूचना प्राप्त गरेको मानिने छ ।

(३) उपनियम (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा सो व्यक्ति हाजिर भई सम्झौता गर्न मञ्जूर गरे ठेक्का बन्दोबस्त गर्ने स्थानीयतहको प्रमुख प्रशासकीय अधिकृतले निजबाट तुरुन्त सम्झौता गराई निजलाई चलनपूर्जी दिनु पर्नेछ । त्यस्तो व्यक्ति हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जूर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डाँकवालालाई प्राथमिकता दिई उपनियम (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ । यसरी ठेक्का वन्दोवस्त गर्दा त्यस्तो रकम नगरपालिकाले अनुमान गरेको अङ्क भन्दा कम हुने रहेछ भने राजस्व परामर्श समितिको वैठकबाट सिफारिस गराई पुनः सूचना प्रकाशन गर्नुपर्ने छ ।

(४) नगरपालिकाले संयुक्तरुपमा आव्हान गरेको बोलपत्र वा बढाबढको डाँक स्वीकृत गर्ने र ठेक्का बन्दोबस्त गर्ने अख्तियारवालाले बोलपत्र खोलिएको वा डाँक बोलाइएको तीन दिनभित्र बोलपत्र वा डाँक स्वीकृत गर्ने वा नगर्ने निकासाका लागि मूल्याङ्कन समिति समक्ष पेश गरी निकासा भए बमोजिम गर्नु पर्नेछ । नगरपालिकाको मूल्याङ्कन समितिले पनि यसरी पेश भएको सात दिनभित्र बोलपत्र वा डाँक स्वीकृत भए वा नभएको सूचना दिनु पर्नेछ । सो म्याद भित्र पेश नगरेको वा निकासा नदिएको कारणले नगरपालिकालाई कुनै हानी नोक्सानी भएमा जसको ढिलाई वा लापरवाहीले गर्दा म्यादभित्र पेश वा निकासा हुन नसकेको हो सो जिम्मेवार व्यक्तिबाट सो हानी नोक्सानी असूल उपर गरी लिनु पर्नेछ ।

(५) बोलपत्र वा डाँक स्वीकृत भएपछि त्यस्तो वोलपत्र दाता वा डाँकवालाबाट स्वीकृत ठेक्काअङ्कको २५ प्रतिशत रकम नगदै बैक दाखिला गर्नु पर्नेछ र बाँकि ७५ प्रतिशत रकम र सोको भ्याटवापतको रकम समेत कुल रकमको नेपाल राष्ट्र बैंङ्कबाट मान्यता प्राप्त "क" वर्गको बैंङ्कको ठेक्का अवधिको म्याद भएको

(बहुवर्षिय ठेक्काको हकमा कम्तिमा १ वर्ष ) पर्फमेन्स वण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग सम्झौता गरी चलान पुर्जी दिनुपर्नेछ।

(६) बोलपत्रवाडाँक स्वीकृत भएको सूचना प्राप्त भएपछि सो सूचनामा तोकिएको म्यादभित्र बोलपत्र वा डाँकवालाले चलानपूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले नियम ३ को उपनियम (५) बमोजिम राखेको जमानत जफत भई स्थानीयतहको संचित कोषमा दाखिला हुनेछ ।

६. ठेक्का रकमको किस्ता बुझाउने तरिकाः (१) स्थानीयतहले आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असूल गर्नु पर्ने किस्ताको अङ्क निर्धारण ठेक्का सम्बन्धी सूचना र बोलपत्रमा उल्लिखित असूली कार्यतालिका र अन्य शर्त बमोजिम हुनेछ ।

तर यसरी कार्यतालिका बनाउँदा राजस्व उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बीचको समयान्तर चार महिना भन्दा बढी नभएको हुनु पर्नेछ ।

(२) ठेकेदारले सम्झौताको समयमा ठेक्काअनुसारको सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा औचित्य हेरी कम्तिमा पाँचदेखि बढीमा दश प्रतिशतसम्म कार्यपालिकाबाट निर्णय गराई छूट दिन सकिनेछ ।

तर यस्तो छूटको प्रतिशत बोलपत्र वा बढाबढको सूचनामा उल्लेख भएको हुनु पर्नेछ ।

७. ठेक्का तोड्नेः (१) सम्झौता बमोजिमको कुनै शर्तका बर्खिलाप काम गरेकोमा वा त्यस्तो शर्त बमोजिम गर्नु पर्ने कुनै काम नगरेमा बाहेक यस कार्यविधि बमोजिम पट्टा कबुलियत भैसकेपछि ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन ।

(२) कुनै ठेकेदारले नगरपालिकाल तोकेको दर भन्दा बढी दरमा कर असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका माल वस्तुमा कर, सेवा शुल्क वा दस्तुर असूल गरेमा वा एक स्थानीयतहले लिएको करको प्रमाण हुँदाहुँदै दोहोरो हुने गरी कर असूल गरेमा त्यस्तो रकम त्यस्तो ठेकेदारबाट असूल गरी सम्बन्धित व्यक्तिलाई सम्बन्धित स्थानीयतहले फिर्ता गर्नु पर्नेछ ।

(३) उपनियम (२) मा उल्लिखित क्रियाकलाप पुनः दोहोरिएमा त्यस्तो ठेकेदारको ठेक्का तोडी धरौटी जफत गरिनेछ यसरी धरौटी जफत गर्दा पनि नयाँ ठेक्का वन्दोवस्त गर्दा साविकको रकमभन्दा कम रकम प्राप्त भएमा र नयाँ ठेक्का वन्दोवस्त गर्दा लागेको रकम असूल उपर नभएमा सरकारी वाँकी सरह असूल उपर गरी निजको नाम कालो सूचीमा राखी अन्य स्थानीयतहहरु र नेपाल सरकारको ठेकेदारको लाइसेन्स दिने कार्यालयलाई समेत जानकारी दिइनेछ ।

(४) उपनियम (३) बमोजिम ठेक्का तोडिएकोमा सोही आर्थिक वर्षको बाँकी अवधिको निमित्त ठेक्का सकार गर्ने कुनै व्यक्ति वा फर्म प्राप्त भएमा साविकको ठेक्काको दर र असूली कार्यतालिका बमोजिम गनि असूल गरी ठेक्का दिन सकिनेछ ।

(५) उपनियम (३) बमोजिम ठेक्का तोडिएकोमा त्यसबाट नगरपालिकालाई भएको नोक्सानी र स्थानीयतहले ठेकेदारबाट लिनु पर्ने बाँकी भएमा त्यसको छुट प्रतिशत समेत सो ठेकेदारले राखेको जमानतबाट असूल नभए निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।



स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका

2.2.9
२०८१।२।२६
...कडर के.सी.
अधिकृत

तर आफ्नो काबु बाहिरको परिस्थिति परी ठेकेदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने नगरपालिकाको नगर सभाले सो बमोजिम असूल गर्नु पर्ने रकम मध्ये सम्बन्धित राजस्व परामर्श समितिको परामर्श लिई उपयुक्त रकम मिनाहा दिन सक्नेछ ।

८. बक्यौता रकम असूली सम्बन्धी व्यवस्थाः (१) नगरपालिकाले विभिन्न कारणवाट असूल हुन नसकी वाँकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्ययोजना वनाई रकम असूल उपर गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम असूल गर्नुपर्ने रकम असूलीको लागि नगर प्रहरी परिचालन गर्नुका साथै स्थानीय प्रशासन, प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम सहयोग प्राप्त भै बक्यौता रकम असूली भएमा सम्बन्धित व्यक्ति वा संस्थालाई स्थानीय निकायले असूली अङ्कको बढीमा ५ प्रतिशत सम्म रकम पुरस्कार स्वरुप उपलव्ध गराउन सक्नेछ । एक भन्दा वढी व्यक्ति वा संस्थाको सक्रियतामा बक्यौता रकम असूली भएको भए यस्तो पुरस्कार रकम दामासाहीबाट उपलव्ध गराउनु पर्नेछ ।

(४) उपनियम (१),(२) र (३) बमोजिमको प्रकृयाबाट पनि रकम असूल उपर हुन नसकेमा सरकारी वाँकी सरह रकम असूल उपर गर्नु पर्नेछ ।

९. यस कार्य विधिमा उल्लेख भएका बाहेकका विषयहरुमा सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम हुनेछ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

2080/12/28
राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत